# नेपाली सेना

## श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा

## प्राड/प्राविधिक/हवाई/विविध सेवा तर्फका अधिकृत पदहरुको लागि दरखास्त आव्हान

(पहिलो पटक प्रकाशित मिति २०८१/०७/३० गते)

१. नेपाली सेनामा रिक्त रहेका प्राड/प्राविधिक/हवाई/विविध सेवा तर्फका अधिकृत पदहरू खुल्ला तथा समावेशी प्रतियोगिताद्वारा पदपुर्ति गर्नको लागि दरखास्त आव्हान गरिएको छ। देहायका योग्यता पूगेका नेपाली नागरिकले नेपाली सेनाको आधिकारिक वेबसाईट www.nepalarmy.mil.np बाट अनलाईन दरखास्त फाराम भरी सो को प्रिन्ट-आउट सहित स्वयम् उपस्थित भई तोकिएको भर्ना केन्द्रमा रू. १०।- (दश) को टिकट टाँसी दरखास्त पेश गर्न आव्हान गरिन्छ।

२. **आवश्यक संख्या:**

| क्र.सं. | विज्ञापन नं. | पदको नाम | सेवा | समह | उपसमुह | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रूपमा अशक्त नेपाली सैनिकका सन्तति | खुल्ला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आदिवासी/ जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | |
| १ | ०८१/८२/१० | प्राड उपसेनानी | सैनिक प्राड | - | - | ० | १ | ० | ० | १ | ० | ० | २ |
| २ | ०८१/८२/११ | प्राविधिक उपसेनानी (एम.बि.बि.एस.डा.) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | मेडिकल | २ | २० | ४ | ६ | ५ | २ | १ | ४० |
| ३ | ०८१/८२/१२ | प्राविधिक उपसेनानी (डेन्टिष्ट डा.) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | डेन्टल | १ | १ | ० | १ | ० | ० | ० | ३ |
| ४ | ०८१/८२/१३ | प्राविधिक उपसेनानी (सैनिक उपचारिका) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | नर्सिङ्ग | ० | १ | ० | १ | ० | १ | ० | ३ |
| ५ | ०८१/८२/१४ | प्राविधिक उपसेनानी (डेण्टल टेक्निसियन) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | ० | ० | ० | ० | १ | ० | ० | १ |
| ६ | ०८१/८२/१५ | प्राविधिक उपसेनानी (Food and Nutrition Specialist) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | ० | १ | ० | ० | ० | ० | ० | १ |
| ७ | ०८१/८२/१६ | प्राविधिक उपसेनानी (Medical Lab Technologist) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | ० | १ | ० | ० | ० | ० | ० | १ |
| ८ | ०८१/८२/१७ | प्राविधिक उपसेनानी (अडियोलोजिष्ट एण्ड स्पिच ल्याङ्वज प्याथोलोजिष्ट) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | ० | १ | ० | ० | ० | ० | ० | १ |
| ९ | ०८१/८२/१८ | प्राविधिक उपसेनानी (Optometric Technician) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | ० | १ | ० | ० | ० | ० | ० | १ |
| १० | ०८१/८२/१९ | प्राविधिक उपसेनानी (क्लिनिकल साईकोलोजिष्ट) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | ० | १ | ० | ० | ० | ० | ० | १ |
| ११ | ०८१/८२/२० | प्राविधिक उपसेनानी (साईकोसोसियल काउन्सलर) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | ० | ० | ० | १ | ० | ० | ० | १ |
| १२ | ०८१/८२/२१ | प्राविधिक उपसेनानी (मेकानिकल इन्जिनियर) मर्मत तथा सम्भार | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | ० | १ | ० | ० | १ | ० | ० | २ |
| १३ | ०८१/८२/२२ | प्राविधिक उपसेनानी (इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियर) मर्मत तथा सम्भार | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | ० | १ | ० | ० | १ | ० | ० | २ |
| १४ | ०८१/८२/२३ | प्राविधिक उपसेनानी (अटोमोवाईल ईन्जिनियर) मर्मत तथा सम्भार | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | ० | १ | ० | ० | ० | ० | ० | १ |
| १५ | ०८१/८२/२४ | प्राविधिक उपसेनानी (सिभिल ईन्जिनियर) | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | सिभिल तथा आर्किटेक्चर | ० | २ | ० | ० | १ | ० | ० | ३ |
| १६ | ०८१/८२/२५ | प्राविधिक उपसेनानी (कम्प्युटर ईन्जिनियर) | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | सूचना प्रविधि | ० | ९ | २ | २ | २ | १ | १ | १७ |
| १७ | ०८१/८२/२६ | प्राविधिक उपसेनानी (सर्भे) | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | सर्भे | ० | २ | १ | ० | १ | ० | ० | ४ |
| १८ | ०८१/८२/२७ | प्राविधिक उपसेनानी (समाचार सम्पादक/बाचक) | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोबैज्ञानिक | ० | १ | ० | ० | ० | १ | ० | २ |
| १९ | ०८१/८२/२८ | प्राविधिक उपसेनानी (लाईब्रेरियन) | सैनिक प्राविधिक | अन्य प्राविधिक | लाईब्रेरी | ० | ४ | १ | १ | ० | ० | ० | ६ |
| २० | ०८१/८२/२९ | पाइलट उपसेनानी | सैनिक हवाई | पाइलट | - | ० | २ | ० | १ | ० | ० | ० | ३ |
| २१ | ०८१/८२/३० | प्राविधिक उपसेनानी (ए.एण्ड सि. इन्जिनियर) | सैनिक हवाई | हवाई सम्भार | - | ० | १ | ० | ० | ० | ० | ० | १ |
| २२ | ०८१/८२/३१ | प्राविधिक उपसेनानी (ग्राउण्ड हृयाण्डलिङ्ग) | सैनिक हवाई | अन्य हवाई | - | ० | ० | ० | ० | १ | ० | ० | १ |
| २३ | ०८१/८२/३२ | प्राविधिक उपसेनानी (डिस्प्याचर) | सैनिक हवाई | अन्य हवाई | - | ० | १ | ० | ० | ० | ० | ० | १ |
| २४ | ०८१/८२/३३ | लेखा उपसेनानी | सैनिक विविध | लेखा समुह | - | १ | ११ | २ | ३ | २ | २ | ० | २१ |

३. **दरखास्त पेश गर्ने मिति र स्थान:**

(क) **दरखास्त मिति:** मिति २०८१/०७/३० गतेदेखि मिति २०८१/०८/२९ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८१/०८/३० गते देखि मिति २०८१/०९/०६ गतेसम्म थप दिन ७ हुनेछ। उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ।

(ख) अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा अनलाईनबाट भरेको दरखास्त फाराम सो भन्दा पछाडी कार्यालय खुल्ने दिनमा बुझाउन सकिनेछ।

(ग) **स्थान:** नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भू।

४. **दरखास्त दस्तुर:** दरखास्त फाराम बुझाउँदा सबै पदका लागि रु.१,०००।- (एक हजार) श्री नेपाल बैंक लिमिटेडको खाता नम्बर ००१०१०००००००१००१००१(कार्यालय कोड ३४५०१३५१३ र राजश्व शीर्षक नं.१४२२४) मा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि प्रति १/१ (एक/एक) दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ। सोही विज्ञापनमा एकभन्दा बढी समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि २०% का दरले थप दस्तुर लाग्नेछ।

५. **आवश्यक योग्यता:**

(क) **शैक्षिक योग्यता:**

| क्र.सं. | बिज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| १ | ०८१/८२/१० | प्राड उपसेनानी | कानूनमा स्नातक तह उत्तीर्ण गरी नेपाल कानून व्यवसायी परिषद्बाट अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको। | |
| २ | ०८१/८२/११ | प्राविधिक उपसेनानी (एम.बि.बि.एस.डा.) | एस.एल.सी. वा सो सरह र बायोलोजीमा दश जोड दुई उत्तीर्ण गरी कम्तीमा एम.बि.बि.एस. उत्तीर्ण गरी एक वर्षे इन्टर्नसिप गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको। | |
| ३ | ०८१/८२/१२ | प्राविधिक उपसेनानी (डेन्टिष्ट डा.) | एस.एल.सी. वा सो सरह र बायोलोजीमा दश जोड दुई उत्तीर्ण गरी कम्तीमा बि.डि.एस. उत्तीर्ण गरी एक वर्षे इन्टर्नसिप गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको। | |
| ४ | ०८१/८२/१३ | प्राविधिक उपसेनानी (सैनिक उपचारिका) | नर्सिङ्ग विषयमा कम्तीमा स्नातक (बि.एन. वा ब्याचलर इन नर्सिङ्ग साइन्स वा बि.एस.सि. नर्सिङ्ग) उत्तीर्ण गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको। | |
| ५ | ०८१/८२/१४ | प्राविधिक उपसेनानी (डेण्टल टेक्निसियन) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | |
| ६ | ०८१/८२/१५ | प्राविधिक उपसेनानी (Food and Nutrition Specialist) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | |
| ७ | ०८१/८२/१६ | प्राविधिक उपसनानी (Medical Lab Technologist) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | |
| ८ | ०८१/८२/१७ | प्राविधिक उपसेनानी (अडियोलोजिष्ट एण्ड स्पिच ल्याङ्वेज प्याथोलोजिष्ट) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | |
| ९ | ०८१/८२/१८ | प्राविधिक उपसेनानी (Optometric Technician) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | |
| १० | ०८१/८२/१९ | प्राविधिक उपसेनानी (क्लिनिकल साईकोलोजिष्ट) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | |
| ११ | ०८१/८२/२० | प्राविधिक उपसेनानी (साईकोसोसियल काउन्सलर) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | |
| १२ | ०८१/८२/२१ | प्राविधिक उपसेनानी (मेकानिकल इन्जिनियर) मर्मत तथा सम्भार | मेकानिकल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको। | |
| १३ | ०८१/८२/२२ | प्राविधिक उपसेनानी (इलेक्ट्रिकल एण्ड इलेक्ट्रो निक्स इन्जिनियर) मर्मत तथा सम्भार | इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन मध्ये एक विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको। | |
| १४ | ०८१/८२/२३ | प्राविधिक उपसेनानी (अटोमोवाईल ईन्जिनियर) मर्मत तथा सम्भार | अटोमोबाइल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको। | |
| १५ | ०८१/८२/२४ | प्राविधिक उपसेनानी (सिभिल ईन्जिनियर) | सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको। | |
| १६ | ०८१/८२/२५ | प्राविधिक उपसेनानी (कम्प्युटर ईन्जिनियर) | बि.इ. (आई.टि.), बि.इ. कम्प्युटर, बि.टेक. कम्प्युटर वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको। | |
| १७ | ०८१/८२/२६ | प्राविधिक उपसेनानी (सर्भे) | जियोम्याट्रिक इन्जिनियरिङ्ग वा सर्भे इन्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको। | |
| १८ | ०८१/८२/२७ | प्राविधिक उपसेनानी (समाचार सम्पादक/बाचक) | सम्बन्धित विषयमा स्नातक गरेको। | |
| १९ | ०८१/८२/२८ | प्राविधिक उपसेनानी (लाईब्रेरियन) | लाइब्रेरी साइन्समा स्नातक तह वा सो सरह उत्तीर्ण गरी नेपाल लाइब्रेरी एसोशियसनमा दर्ता भएको। | |
| २० | ०८१/८२/२९ | पाइलट उपसेनानी | भौतिक विज्ञानमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरी इन्टरनेशनल सिभिल एभिएसन अर्गनाईजेशन (आई.सि.ए.ओ.) ले मान्यता दिएको संस्थाबाट कमर्सियल पाइलट लाईसेन्स प्राप्त गरेको र नेपाल नागरिक उड्डयन प्राधिकरणबाट जहाज वा हेलिकप्टरको कमर्सियल पाइलट लाईसेन्स परीक्षा उत्तीर्ण गरेको। | |
| २१ | ०८१/८२/३० | प्राविधिक उपसेनानी (ए.एण्ड सि. इन्जिनियर) | एरोनटिकल वा मेकानिकल इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता गरेको। | |
| २२ | ०८१/८२/३१ | प्राविधिक उपसेनानी (ग्राउण्ड हृयाण्डलिङ्ग) | अटोमोवाईल इन्जिनियरिङ्ग बिषयमा स्नातक तह उत्तीर्ण गरेको। | |
| २३ | ०८१/८२/३२ | प्राविधिक उपसेनानी (डिस्प्याचर) | स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। | |
| २४ | ०८१/८२/३३ | लेखा उपसेनानी | वाणिज्य शास्त्रमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धी तालिम उत्तीर्ण गरेको। | |

(ख) **शारीरिक योग्यता:**

| क्र.सं. | पद | विवरण | पुरुष | महिला | कै. |
|---|---|---|---|---|---|
| १. | सबै पदका उम्मेदवारहरु | उचाई | न्यूनतम ५ फिट ३ ईन्च | न्यूनतम ५ फिट | |
| | | छाती | नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च | - | |
| | | वजन | न्युनतम ५० के.जी. (११० पौण्ड) | न्यूनतम ४० के.जी. (८८ पौण्ड) | |
| | | आँखा | चस्मा प्रयोग गर्ने भएमा आँखा ± २ (दुई) भन्दा बढी कमजोर नभएको हुनुपर्ने तर सैनिक प्राविधिक सेवा अन्तर्गतका वहालवाला उम्मेदवारको हकमा ± २.५ (दुई दशमलव पांच) भन्दा बढी कमजोर नभएको हुनुपर्ने। | | |
| | | BMI | न्यूनतम १६ देखि अधिकतम २७ सम्म हुनुपर्ने। | | |

(ग) **अन्य योग्यता:**

उम्मेदवारहरू बि.एम.आई. र स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सर कारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनु पर्नेछ। अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली, २०६९", "सैनिक प्राड सेवा नियमावली, २०७४", "सैनिक प्राविधिक सेवा नियमावली, २०७६", सैनिक हवाई सेवा नियमावली, २०७४", "सैनिक विविध सेवा नियमावली, २०७४"** र **"भर्ना छनौट निर्देशिका, २०७१"** मा उल्लेख भए अनुसार हुनुपर्नेछ।

६. **उमेरको हद:** दरखास्त पेश गर्ने अन्तिम मिति २०८१/०८/२९ गतेसम्म उमेर निम्न अनुसार हुनु पर्नेछ।

| क्र.सं. | पद | पुरुष | महिला | कै. |
|---|---|---|---|---|
| १. | सबै पदका उम्मेदवारहरू | १८ वर्ष उमेर पुरा भई २९ वर्ष ननाघेको | १८ वर्ष उमेर पुरा भई ३० वर्ष ननाघेको | |

७. **सैनिक सेवाका बहालवाला उम्मेदवार:**

(क) उल्लिखित पदका लागि नेपाली सेनामा कार्यरत योग्यता पुगेका सैनिक व्यक्तिको उमेरको हद सम्बन्धित सेवाको नियमावलीमा उल्लेख भएनुसार पैंतिस वर्ष पूरा नभएसम्म बढीमा ३ पटक आवेदन दिन सक्नेछ। सम्बन्धित पदको लागि आवश्यक शैक्षिक योग्यता हासिल गरेको, सैनिक आधारभूत तालिम गरेको र युनिटपतिको सिफारिस हुनु पर्नेछ।

(ख) दरखास्त पेश गर्ने अन्तिम मिति २०८१/०८/२९ गतेका दिन न्यूनतम सेवा अवधि १ वर्ष पूरा भएको हुनु पर्नेछ।

८. **पेश गर्नु पर्ने आवश्यक प्रमाणपत्रहरू:** देहाय बमोजिमका कागजातहरूको प्रतिलिपि उम्मेदवारहरू स्वयम्ले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नु पर्नेछ। केरमेट तथा दोहोरो लेखिएको प्रमाण-पत्रहरू मान्य हुने छैन। दरखास्त दिन आउँदा पेश गरिने सबै कागजातहरूको सक्कल प्रति अनिवार्य रूपमा साथमा ल्याउनु पर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्र।

(ख) सबै शैक्षिक तहहरूको योग्यताको प्रमाण पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण-पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र।

(ग) नेपालका विश्वविद्यालयहरू बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयबाट उपाधी हासिल गर्नेहरूको हकमा त्रि.वि.वि. बाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

(घ) सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततिहरूको हकमा निम्न थप कागजातहरू सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(१) श्री समारोह संचालन निर्देशनालयबाट प्रकाशित साहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने।

(२) निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती वा अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक)।

(३) बहालवालाको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** को दफा १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक)।

(४) सम्बन्धित उम्मेदवारसंगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक)।

९. **फोटोग्राफ:** उम्मेदवारहरूले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) प्रति ४ (चार) र २x२ साईजको फोटो प्रति १ (एक) दरखास्त साथ पेश गर्नं पर्नेछ।

१०. **सम्पर्क मिति र स्थान:** मिति २०८१/०९/१४ गतेको ११०० बजे, नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भूमा स्वयम् उपस्थित भई वा श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **vacancy.nepalarmy.mil.np** भित्र **EXAM NOTICES** मा आगामी परिक्षाको कार्यतालिका बारे जानकारी प्राप्त गर्न सकिनेछ।

११. **छनौट प्रक्रिया:** उम्मेदवारहरूको छनौट परीक्षा अन्तर्गत वियरिङ्ग परीक्षा, बि.एम.आई. र प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक परीक्षा, लिखित परीक्षा (लोक सेवा आयोगबाट संचालन हुनेछ), प्रयोगात्मक परीक्षा, गुणमापक (टि.ओ., जि.टि.ओ., आई.ओ. र बोर्ड कन्फरेन्स) परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण र अन्तर्वार्ता हुनेछ। भर्ना छनौट प्रक्रिया अन्तर्गत लिइने वियरिङ्ग परीक्षा तथा शारीरिक परीक्षाको बिस्तृत मापदण्ड वेबसाईटको **ARMY SYLLABUS** मा हेर्न सकिनेछ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरू:** नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार हुनेछ।

१३. **अन्य शर्तहरु:**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।

(ख) समावेशी तर्फका उम्मेदवारहरूको हकमा आदिवासी/जनजाति, मधेशी र दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछन्। तर महिलाको हकमा यो व्यबस्था लागू हुने छैन। साथै पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरूले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन्।

(ग) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेक Combat Related Duties/Combat Service Support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडि रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराईनेछ।

(घ) नेपाली सेनामा हाल जारी पदपूर्ति प्रक्रियामा अन्य कुनै पदमा आवेदन पेश गरेको भए उम्मेदवारले स्वघोषणा गर्नु पर्नेछ। अन्य पदमा समेत आवेदन पेश गरेका उम्मेदवारले अनलाईन दरखास्त फाराम भर्ने क्रममा आवेदन दिएको पद र विज्ञापन नम्बर उल्लेख गर्नु पर्नेछ।

१४: **अनलाईन दरखास्त फाराम भर्ने सम्बन्धमा जानकारी.**

(क) नेपाली सेनाको आधिकारिक वेबसाईट **www.nepalarmy.mil.np** मा गएर **JOIN NEPALI ARMY** भित्र **Recruitment & Selection** मा गई **"Apply Online"** मा **Click** गर्ने।

(ख) अनलाईन दरखास्त फाराम भर्न निम्न अनुसारको विवरण आवश्यक पर्ने।

(१) नेपाली नागरिकताको विवरण (२) व्यक्तिगत विवरण (३) शैक्षिक विवरण (४) पारिवारिक विवरण

(ग) अनलाईन दरखास्त फाराम भर्दा शुरुमा दरखास्तवालाको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा उम्मेदवारले तोकिएको न्युनतम योग्यता हासिल गरेको अवस्थामा मात्र त्यस पछि भर्नूपर्ने फारामहरुमा प्रवेश पाउनेछन्। सो पश्चात उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण, पारिवारिक विवरण र शैक्षिक विवरण नेपाली युनिकोड कालीमाटी फण्टमा भरि सो को एकिन गर्ने। उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम, प्रवेश पत्र, राजश्व दस्तुरको भौचर **PDF Format** मा डाउनलोड गरि **Save** गर्ने र प्रिन्ट गर्ने।

(घ) उक्त प्रिन्ट गरेको दरखास्त फाराममा उम्मेदवारले फोटो, हुलाक टिकट टांस गरी निवेदकको सहिछाप सहित आफूले छनौट गरेको भर्ना केन्द्रमा तोकिएको मिति भित्र पेश गर्नं पर्नेछ। कुनै पनि उम्मेदवारले अनलाईन माध्यमबाट पहिलो ३० दिनको अवधि भित्र दरखास्त फाराम **Submit** गरी सोही अवधिमा स्वयम् उपस्थित भई सो को प्रिन्ट सहितको फाराम बुझाउनु पर्नेछ अन्यथा म्याद थप गरिएको अवधिमा फाराम बुझाएमा दोव्बर दस्तुर लाग्नेछ। यदि कुनै उम्मेदवारले अनलाईनबाट मात्र निवेदन फाराम **Submit** गरेर सो को प्रिन्ट सहितको फाराम नबुझाएको अवस्थामा सो अनलाईनबाट मात्र **Submit** गरेको फारामलाई मात्र मान्यता दिईने छैन।

(ङ) अनलाईन दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ। साथै **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो कठिनाई सम्वन्धी जानकारी पाउन सकिन्छ।

बाँकी पृष्ठ ८ मा

# गेटा आँखा अस्पतालमा बिरामीको चाप



**धनगढी समाचारदाता**
*धनगढी, कात्तिक २९ गते*

स्वास्थ्य बिमा कार्यक्रम पुनः लागु भएपछि कैलालीको गेटा आँखा अस्पतालमा बिरामीको आकर्षण बढेको छ।

गत भदौ १ बाट सो अस्तालमा स्वास्थ्य बिमा लागु भएको हो। त्यसअघि उपचार गराउन आउने बिरामीको सङ्ख्या घटेको थियो। स्वास्थ्य बिमाका कारण उपचारका लागि बिरामी आउने क्रम फेरि बढेको अस्पतालका वरिष्ठ प्रशासकीय अधिकृत एवं सूचना अधिकारी गोविन्दप्रसाद जोशीले जानकारी दिनुभयो।

“एक/दुई वर्षसम्म बिरामीको सङ्ख्या घटेको थियो,” उहाँले भन्नुभयो, “यहाँ स्वास्थ्य बिमा कार्यक्रम लागु भएपछि उपचार गराउन आउने बिरामीको सङ्ख्या फेरि बढेको छ।”

दैनिक साढे पाँच सयसम्म बिरामी ओपिडीमा आउने गरेको जनाइएको छ। तीमध्ये धेरै जसो बिरामी स्वास्थ्य बिमा गरेका हुने बताइएको छ। त्यस्तै दैनिक १२० देखि १५० जना बिरामीको शल्यक्रिया गर्ने गरिएको छ।

शल्यक्रिया गराउनेमा ६० प्रतिशत भारतीय र ४० प्रतिशत नेपाली रहने गरेको सूचना अधिकारी जोशीले बताउनुभयो। उहाँले ओपिडी जाँचमा बढी नेपाली र शल्यक्रिया गराउनेमा बढी भारतीय रहने गरेको जानकारी दिनुभयो। भारतका विभिन्न ठाउँबाट आँखाको उपचारका लागि भारतीय नागरिक यो अस्पताल आउने गरेका छन्।

गेटा आँखा अस्पतालमा यसअघि पनि स्वास्थ्य बिमा कार्यक्रम लागु गरिएको थियो। दुई वर्षअगाडि सो कार्यक्रम बन्द भएपछि अस्पतालमा उपचार गराउन आउने बिरामीको सङ्ख्या घटेको थियो।

यसै गरी सो अस्पतालमा गत आर्थिक वर्ष २०८०/८१ मा दुई लाख ७६ हजार ७५३ जना बिरामीले ओपिडीमा जाँच गराएका छन्। तीमध्ये २२ हजार ९३ जनाको आँखाको शल्यक्रिया गरिएको सूचना अधिकारी जोशीले जानकारी दिनुभयो। त्यस्तै सोही आवमा विभिन्न जिल्लामा आयोजना गरिएको आँखा शिविरमा १२ हजार ८२९ जनाले ओपिडी जाँच गराएका थिए। दुई हजार १८७ जनाको आँखाको शल्यक्रिया गरिएको जनाइएको छ।

यसै गरी गत आवमा ३५९ विद्यालयमा ८१ हजार ६५७ जना विद्यार्थीको आँखा जाँच गरिएको थियो। त्यस क्रममा एक हजार १०५ जना विद्यार्थीलाई निःशुल्क चस्मा वितरण गरिएको जोशीले जानकारी दिनुभयो। गेटा आँखा अस्पताल सुदूरपश्चिम प्रदेशको सबैभन्दा ठुलो र सुविधासम्पन्न आँखा अस्पताल हो।

## टेलिफोनबाट वञ्चित

**बैतडी समाचारदाता**
*बैतडी, कात्तिक २९ गते*

जिल्लाको दुर्गम गाउँपालिका सिगासमा नेपाल टेलिकमको फोन नलाग्दा यहाँका स्थानीय सञ्चार सेवाबाट वञ्चित भएका छन्। यहाँ फोन गर्न डाँडाकाँडा उक्लिनुपर्ने बाध्यता रहेको छ। सिगास गाउँपालिकाका–१ देखि ८ सम्ममा नेपाल टेलिकमको नेटवर्क नलाग्दा सञ्चार सेवाबाट वञ्चित हुनु परेको स्थानीय नवीन साउदले पीडा सुनाउनुभयो। दुःख तथा बिरामी पर्दा आफन्तलाई फोन गर्न अग्लो डाँडा खोज्दै हिँड्नुपर्ने बाध्यता रहेको उहाँले गुनासो गर्नुभयो।

फोन नलागेको गुनासो गर्न नेपाल टेलिकम बैतडी पुग्दा डडेलधुरा टेलिकममा जानु भन्ने जवाफ आउने गरेको सिगासका स्थानीयले गुनासो गरेका छन्। सिगासमा मात्रै होइन, सँगै जोडिएको पाटन नगरपालिका–१०, बैतडीका अधिकांश गाउँमा फोन नलाग्ने समस्या लिएर बुधबार डडेलधुरा टेलिकम पुगेर फर्किएको वडाध्यक्ष धनवीरसिंह कुँवरले बताउनुभयो। उहाँले भन्नुभयो, “गाउँमा फोन नलागेर हैरान भएपछि बुधबार नेपाल टेलिकम डडेलधुरामा लिखित रूपमै गुनासो दिएर आएका छौँ। नेपालका अधिकांश गाउँठाउँमा फोरजी इन्टरनेट चलिसकेको अवस्थामा दुर्गम गाउँमा अझै फोन नलाग्ने समस्या कायमै छ।”

# गरिब विद्यार्थीलाई प्राविधिक शिक्षा

**बैतडी समाचारदाता**
*बैतडी, कात्तिक २९ गते*

पञ्चेश्वर गाउँपालिकाले गरिब, दलित, विपन्न, अपाङ्गता भएका र जेहेनदार विद्यार्थीलाई पशु प्राविधिक, कृषि प्राविधिक, सिभिल इन्जिनियर र कम्प्युटर प्राविधिक शिक्षा पढाउन थालेको छ। प्राविधिक विषय पढाउन गाउँपालिकाले वार्षिक रूपमै छात्रवृत्तिका लागि बजेट विनियोजन गर्दै आइरहेको छ।

गाउँपालिकाले २०७९ सालमा २४ जना विद्यार्थीलाई १० लाख रुपियाँ छात्रवृत्ति प्रदान गरेको पञ्चेश्वर गाउँपालिका अध्यक्ष गोरखबहादुर चन्दले बताउनुभयो। गरिब, दलित र पढाइमा राम्रो अङ्क ल्याउने विद्यार्थीलाई प्राविधिक विषय पढ्न छात्रवृत्ति दिइएको उहाँले बताउनुभयो। गाउँपालिकाले छात्रवृत्ति दिएपछि पञ्चेश्वर गाउँपालिका–१ का मुकेश सार्की कैलालीस्थित टीकापुर पोलिटेक्निक इन्स्टिच्युटमा बाली विज्ञानको पढाइ गर्दै हुनुहुन्छ। पञ्चेश्वर गाउँपालिका–२ की सङ्गीता साउदको घरको आर्थिक अवस्था कमजोर भएकाले गाउँपालिकाले छात्रवृत्ति प्रदान गरेपछि उहाँ कञ्चनपुरस्थित लोटस इन्स्टिच्युटमा कृषि प्राविधिकको पढाइ गर्दै हुनुहुन्छ। गाउँपालिकाले छात्रवृत्ति दिएपछि पञ्चेश्वर गाउँपालिका–२ का मुकेश औजी पनि डिप्लोमा इन सिभिल इन्जिनियरिङ पढ्दै हुनुहुन्छ।

छात्रवृत्ति पाउने अधिकांश विद्यार्थी जिल्लाबाहिर गएर प्राविधिक विषयको अध्ययन गरिरहेको गाउँपालिकाका शिक्षा शाखा प्रमुख महामलसिंह घटालले बताउनुभयो। कृषि, पशु, सिभिल इन्जिनियर, विद्युतीय र कम्प्युटर प्राविधिक विषय पढ्न गाउँपालिकाले छात्रवृत्ति दिँदै आएको उहाँले जानकारी दिनुभयो। प्राविधिक शिक्षा हासिल गरेर फर्किएका विद्यार्थीलाई गाउँपालिकामै रोजगारी दिने तयारी भइरहेको गाउँपालिकाका अध्यक्ष चन्दले जानकारी दिनुभयो। कृषि, पशु र सिभिल इन्जिनियरको पढाइ पूरा गरेर आउने विद्यार्थीलाई तुरुन्तै रोजगारी प्रदान गर्ने उहाँले बताउनुभयो।

पृष्ठ ७ को बाँकी

१५. **विशेष सूचना.** सम्मानित सर्वोच्च अदालतबाट नेपाली सेना, भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा, काठमाण्डौ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०३८२ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाए पछि कायम हुन आउने कूल पदहरु मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व.०७९/८० मा समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानून बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ।

१६. यस विज्ञापनको विस्तृत विवरण तथा छनौट परीक्षा सम्बन्धी सबै सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **vacancy.nepalarmy.mil.np** भित्र **VACANCY & REQUIREMENTS** मा र पद अनुसारका पाठ्यक्रमहरु **ARMY SYLLABUS** मा हेर्न सकिनेछ। साथै, थप केहि जानकारी लिनु परेको खण्डमा भर्ना छनौट निर्देशनालयको सम्पर्क नम्वर ०१-५९७९४७८ मा कार्यालय समय भित्र सम्पर्क गर्न समेत सूचित गरिन्छ।

## चमेलियाको छालले बनायो मालामाल

**बैतडी समाचारदाता**
*बैतडी, कात्तिक २९ गते*

पूर्वी नेपालको भोजपुरबाट गुरुप्रसाद न्यौपाने अनेक सपना बोकेर चमेलिया नदीको छालनजिक बसोबास गर्न पुग्नुभएको थियो। उहाँको सबैभन्दा ठुलो सपना त सुदूरपश्चिमको चमेलिया नदीबाट ५६ मेगावाट बिजुली निकाल्ने योजना थियो। अहिले उहाँ आफ्नो योजनामा सफल हुनुभएको छ। यति मात्र होइन, दैनिक २० हजार लिटर मिनरल वाटरसमेत उत्पादन गरेर बिजुली र पानी उद्यमी बन्नुभएको हो।

अपि हिमालको फेदबाट बग्ने चमेलिया नदीबाट अहिले कुल ९६.५ मेगावाट बिजुली उत्पादन भइरहेको छ। त्यसमध्ये न्यौपानेको निजी क्षेत्रको अपि पावर कम्पनीका तीन वटा विद्युत् आयोजनाले मात्रै ५६.५ मेगावाट बिजुली र दैनिक २० हजार लिटर मिनरल वाटर उत्पादन गरिरहेको छ। दार्चुलाको मार्मा गाउँपालिका–१, किमबगडमा बाँध बाँधेर छ किलोमिटर तल मार्मा गाउँपालिका–२, घट्टीगाडमा अपर चमेलियाको विद्युत्गृह रहेको छ। सोही विद्युत्गृहभित्र अहिले मिनरल वाटर प्लान्ट सञ्चालनमा आएको हो।

निजी क्षेत्रको अपि पावर कम्पनीले यसअघि ८.५ मेगावाटको नौगाड, आठ मेगावाटको अपर नौगाड र गत वर्ष ४० मेगावाटको अपर चमेलिया गरी ५६.५ मेगावाट बिजुली उत्पादन गरिसकेको छ। विद्युत्सँगै पानी उद्योग सञ्चालन गरेर बजारमा शुद्ध पिउने पानीको आपूर्ति सुरु भएको कम्पनीका अध्यक्ष न्यौपानेले बताउनुभयो।

दार्चुलाको मार्मा गाउँपालिका–१, किमबगडमा बाँध बाँधेर छ किलोमिटर तल मार्मा गाउँपालिका–२, घट्टीगाडमा रहेको ४० मेगावाटको जलविद्युत् आयोजना आठ अर्ब रुपियाँको लगानीमा निर्माण भएको हो। यो निजी क्षेत्रको लगानीमा निर्माण भएको सुदूरपश्चिमकै पहिलो ठुलो आयोजना हो। नेपाल सरकार र निजी क्षेत्रका कम्पनीले चमेलिया नदीका पाँच ठाउँबाट कुल ९६.५ मेगावाट बिजुली उत्पादन सुरु भएको छ। नेपाल सरकारको लगानीमा चमेलियाको बलाँचमा ३० मेगावाट, निजी क्षेत्रको लगानीमा माथिल्लो चमेलिया ४० मेगावाट, अपर चमेलिया ८.५ मेगावाट, नौगाड आठ मेगावाट र अपर नौगाड १० मेगावाट गरी कुल ९६.५ मेगावाट बिजुली उत्पादन सुरु भएको छ।

## हुलाक कार्यालय स्थापना



**बुढीगङ्गा र त्रिवेणीमा पालिका हुलाक कार्यालय स्थापना।**

**मार्तडी समाचारदाता**
*मार्तडी, कात्तिक २९ गते*

बाजुराको बुढीगङ्गा, त्रिवेणी नगरपालिका र खप्तड छेडेदह गाउँपालिकामा पालिका हुलाक कार्यालय स्थापना गरिएको छ।

सरकारले आर्थिक वर्ष २०८१/८२ मा ल्याएको नीति तथा कार्यक्रम अनुसार हुलाक कार्यालय बाजुराले पालिकामा कार्यालय स्थापना गर्न लागेको हो। एक पालिका एक हुलाक कार्यक्रम अन्तर्गत सञ्चार तथा सूचना प्रविधि तथा जिल्ला हुलाक कार्यालय बाजुराले जिल्लाका नौ वटा पालिकामध्ये तीन पालिकामा कार्यालय स्थापना गरेको छ।

साबिकका इलाका कार्यालयलाई रूपान्तरण गर्दै सरकारको नीति तथा कार्यक्रम अनुरूप पालिकास्तरमा हुलाक कार्यालय स्थापना गरेर सञ्चालनमा ल्याउने कार्य भइरहेको जिल्ला हुलाक कार्यालय बाजुराका कार्यालय प्रमुख बुद्ध सोमैले बताउनुभयो।

बाजुराको तल्लो क्षेत्रका बुढीगङ्गा, त्रिवेणी नगरपालिका र खप्तड छेडेदह गाउँपालिकामा एक औपचारिक कार्यक्रमबिच कार्यालयको स्थापना गरिएको उहाँले बताउनुभयो। उहाँका अनुसार इलाकाका रूपमा रहेका हुलाक कार्यालयलाई व्यावसायिक, व्यवस्थित र प्रविधिमैत्री बनाउने गरेर पालिकामा कार्यालय स्थापना गरिएको बताउनुभयो।

सरकारको नीति तथा कार्यक्रमबमोजिम साबिकको इलाका हुलाक कार्यालयलाई पालिका हुलाक कार्यालयमा रूपान्तरण गरिएको कार्यालय प्रमुख सोमैले बताउनुभयो। उहाँले भन्नुभयो, “इलाका हुलाकबाट दिइने सेवा पालिकामा स्थापना गरिएका हुलाकबाट नियमित रूपमा दिइने छ।”

हुलाकबाट दिइने सेवा सुविधालाई व्यवस्थित बनाउन नगरपालिका तथा गाउँपालिकासँग समन्वय र सहकार्य गरेर अघि बढ्ने उहाँको भनाइ छ। गौमूल, हिमाली, स्वामीकार्तिक, जगन्नाथ गाउँपालिका र बुढीनन्दा नगरपालिकामा पनि हुलाक कार्यालय स्थापना गरिने उहाँले जानकारी दिनुभयो। इलाका हुलाकलाई रूपान्तरण गरेर छिटोछरितो र कार्यालयलाई व्यवस्थापन गरेर हुलाकले दिने सुविधा प्रविधिमैत्री हुने गरेर पालिकास्तरमा कार्यालय स्थापना गर्ने योजना सरकारले बनाएको कार्यालय प्रमुख सोमैले बताउनुभयो।


**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**
**आ.व. २०८१/८२ को प्रथम त्रैमासिक प्रतिवेदन**

TJVCL

**Trishuli Jalvidhyut Company Limited**
**Kathmandu, Nepal**

**Unaudited Quarterly Statement of Financial Position**
**As at Ashwin 30, 2081 (October 16, 2024)**

| Particulars | Quarter ending October 16, 2024 (Ashwin 30, 2081) | Quarter ending July 15, 2024 (Ashad 31, 2081) | Quarter ending October 17, 2023 (Ashwin 31, 2080) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non-Current Assets:** | | | |
| Property, Plant and Equipment | 156,832,264 | 158,506,055 | 158,027,244 |
| Capital Work-in-Progress | 5,004,756,692 | 4,984,066,871 | 4,834,608,545 |
| Deposit & Other Receivables | 1,125,000 | 1,125,000 | 1,125,000 |
| Income Tax Assets | 5,736,057 | 5,736,057 | 3,620,618 |
| **Total Non-Current Assets** | **5,168,450,014** | **5,149,433,983** | **4,997,381,407** |
| **Current Assets:** | | | |
| Inventories | 145,457 | 51,887 | 171,067 |
| **Financial Assets:** | | | |
| Cash and Cash Equivalents | 844,820,281 | 1,091,676,044 | 35,120,041 |
| Deposit & Other Receivables | 307,981 | 307,981 | 1,015,849 |
| **Other Current Assets** | | | |
| Prepayments | 2,600,288 | 762,283 | 718,825 |
| Other advances | 127,722,364 | 5,875,533 | 358,368,489 |
| Income Tax Assets | | | |
| **Total Current Assets** | **975,596,372** | **1,098,673,728** | **395,394,272** |
| **Total Assets:** | **6,144,046,385** | **6,248,107,711** | **5,392,775,679** |
| **EQUITY AND LIABILITIES** | | | |
| **EQUITY:** | | | |
| Share Capital | 1,789,162,770 | 1,789,162,770 | 1,789,162,770 |
| Retained Earnings | (679,462,629) | (626,915,929) | (210,736,285) |
| **Total Equity** | **1,109,700,141** | **1,162,246,841** | **1,578,426,485** |
| **LIABILITIES** | | | |
| **Non-Current Liabilities:** | | | |
| Loans and Borrowings | 3,715,388,725 | 3,715,388,725 | 3,603,251,140 |
| Trade & Other Payables | 158,950,151 | 158,950,151 | 157,078,450 |
| Provisions | 5,147,122 | 4,710,131 | 4,710,131 |
| **Total Non-current Liabilities** | **3,879,485,998** | **3,879,049,008** | **3,765,039,722** |
| **Current Liabilities:** | | | |
| Financial Liabilities | | | |
| Loans and Borrowings | 210,000,000 | 210,000,000 | - |
| Trade & Other Payables | 944,860,246 | 996,811,862 | 49,309,472 |
| **Total Current Liabilities** | **1,154,860,246** | **1,206,811,862** | **49,309,472** |
| **Total Equity and Liabilities:** | **6,144,046,385** | **6,248,107,711** | **5,392,775,679** |

**Unaudited Quarterly Statement of Profit and Loss**
**For the Quarter ending Ashwin 30, 2081 (October 16, 2024)**

| Particulars | Quarter Ending October 16, 2024 (Ashwin 30, 2081) | Quarter Ending July 15, 2024 (Ashad 31, 2081) | Quarter Ending October 17, 2023 (Ashwin 31, 2080) |
|---|---|---|---|
| Revenue From Operations | - | - | - |
| Less: Direct Cost | - | - | - |
| **Gross Profit** | **-** | **-** | **-** |
| Other Income | 6,371 | 14,389,965 | 39,409 |
| **EXPENSES** | - | - | |
| Employee Cost | 6,419,453 | 63,129,013 | 6,538,801 |
| Depreciation and Amortization Expenses | 477,719 | 1,910,876 | 469,664 |
| Administrative & General Expenses | 2,830,203 | 39,277,196 | 1,840,093 |
| Foreign Exchange (Gain) / Loss | - | (7,983,475) | 56,352 |
| **Total Expenses** | **9,727,374** | **96,333,610** | **8,904,911** |
| **Profit (Loss) From Operations** | (9,721,004) | (81,943,645) | (8,865,503) |
| Finance Cost | 28,073,292 | 343,101,500 | - |
| Finance Income | - | - | - |
| **Profit (Loss) Before Bonus and Tax** | **(37,794,296)** | **(425,045,145)** | **(8,865,503)** |
| Income Tax Expense | | | |
| **Net Profit(Loss) for the Period** | **(37,794,296)** | **(425,045,145)** | **(8,865,503)** |

*Note: The above mentioned figures are subject to change during statutory audit of the books of accounts. Previous period figures have been reclassified/adjusted whenever considered necessary.*

**FIRST QUARTER DISCLOSURE AS OF 30TH ASHWIN 2081 AS PER SECURITIES REGISTRATION AND ISSUANCE REGULATION ANNEXURE-14 (RELATED TO SUB REGULATION 1 OF REGULATION 26)**

1. **Financial Statements**
The unaudited financial statements for the First Quarter of FY 2081/82 and key financial ratios have been published along with this report.
Related party transactions: Business transaction, if any with related parties has been conducted at arm's length price in line with section 93(c) of the Company Act, 2063.
The major financial highlights of the company have been given below:

| Earnings Per Share (EPS) | Current Ratio | Net Worth Per Share (NWS) | Market Value Per Share (MPS) | P/E Ratio | Return on Assets (ROA) |
|---|---|---|---|---|---|
| (2.04) | 0.84 | 59.90 | 476 | (233.31) | (0.62)% |

**Market price per share has been considered for date Ashwin 30, 2081*

2. **Management Analysis**
Following the termination of construction contract on 16.12.2023 with SHUIFA ANHE Group Company Ltd, the company has invited tenders for Lot-1 i.e. Civil Works and Lot-2 i.e. Electromechanical and Hydromechanical Works to complete the remaining work of the project. As of Ashwin end 2081, the selection process for Lot-1 (Civil Works) contractor has been completed, and Fewa Construction Private Limited, Pokhara has been selected as the contractor. The contract with Fewa Construction Private Limited, Pokhara has been signed on 2081.04.28 to complete the remaining civil works of the project. The contractor has commenced the construction work from 2081.05.09. The work is scheduled to be completed by Ashad 2083. Meanwhile, the contractor selection process for Lot-2 (Electromechanical and Hydromechanical Works) is still ongoing and expected to be completed by Magh 2081.
   - **Any changes in stock, Income and liquidity during the quarter and the reason for change if any**
   Current ratio has decreased to 0.84 from 0.91 and 8.02 as compared to previous quarter and corresponding previous year quarter
   - **Statement of Management analysis on the company's upcoming business plan**
   The company does not have any plan for other project development except currently running project i.e. Upper Trishuli 3B Hydroelectric Project.
   - **Analytical Statement on the possible effect on company's profitability, stocks and cash flows by any events known if any, based on past experience**
   There are no any events known that may effect on the company's profitability, stocks and cash flows based on past experience.
3. **Legal Proceedings**
   - Case filed by or filed against the company during the quarter, if any: *SHUIFA ANHE Group Company Limited (Previous Contractor) has filed a case against the company in Chinese Court (Chengdu Chongqing Financial Court) in connection with the forfeiture of the performance and advance guarantees by the company.*
   - Case filed by or filed against the company or its promoter or director for violation of the prevailing regulation or committing the criminal offence during the quarter, if any: ***None***
   - Case filed by or filed the promotor or director on financial crime during the quarter, if any: ***None***
4. **Analysis of Company's Share Transaction**
The major highlights of share transactions during the period are as follows:

| Maximum Price NPR | Minimum Price NPR | Closing Price NPR | Total Transactions | No of transaction days | Total traded Volume | Total Traded Value NPR |
|---|---|---|---|---|---|---|
| 578.00 | 445.00 | 476.00 | 21,319.00 | 57 | 1,645,959.00 | 865,178,154.80 |

5. **Problems & Challenges**
**Internal**
   i. Retention of skilled human resources.
   ii. Maintaining the operational efficiency.
   iii. Selection and timely mobilization of contractors to complete the remaining work of the project.
**External**
   i. Foreign exchange risk exposures in payment to contractors due to fluctuation of currency in the International Foreign Exchange Markets.
   ii. Possibility of flood in monsoon season in the rivers at power-plant locations.
   iii. Loss due to natural Disaster-Earthquake, Landslide etc.
   iv. Delay of statutory approvals
**Strategies**
   i. HR Optimization Plan is being implemented
   ii. Proper analysis of environment in order to mitigate maximum loss from natural disaster.
   iii. Adequate insurance policies against the loss due to natural disaster
   iv. Selection and mobilization of new contractors to complete the remaining work of the project at the earliest.
6. **Corporate Governance**
Board of Directors, Audit Committee, Other Committees and Management Team are committed for strengthening good corporate governance within the company. The company has written manuals, policies, rules & regulations for proper functioning of the company. Further, the company has regular meetings with its top management in compliance with Corporate Governance Guidelines, 2074 issued by Securities Board of Nepal. The Provisions of SEBON Corporate Guidelines has been duly compiled with.
7. **Declaration**
I, the Chief Executive Officer, of this Company take the responsibility of accuracy of the information and details mentioned in this report for the period up to First Quarter of FY 2081/82 and hereby declare that the information and details provided in this report are true, based on facts, and complete to the best of my knowledge.

# नेपाली सेना

## श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा

# सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स पदहरुको लागि दरखास्त आव्हान

**(पहिलो पटक प्रकाशित मिति २०८१/०७/३० गते)**

१. नेपाली सेनाको स्वीकृत दरबन्दी भित्र रिक्त रहेका सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स (ब.का.सि., सुचिकार, सफाईकर्मी, चर्मकर्मी, लोहाकार, केशकर्तक र सयस) पद खुल्ला तथा समावेशी प्रतियोगिताद्वारा पदपूर्ति गर्नको लागि देहायका योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सैन्य पदको हकमा नेपाली सेनाको आधिकारिक वेबसाईट www.nepalarmy.mil.np बाट अनलाईन दरखास्त फाराम भरी उम्मेदवार स्वयम्ले सो को हार्डकपी प्रिन्ट-आउट गरी तोकिएको भर्ना केन्द्रमा बुझाउने वा उम्मेदवार स्वयम् भर्ना केन्द्रमा उपस्थित भई दरखास्त फाराम भर्ने र विभिन्न ट्रेडका फलोअर्स पदहरुको हकमा उम्मेदवार स्वयम् भर्ना केन्द्रमा उपस्थित भई दरखास्त फाराम भरी रू.१०।- (दश) को टिकट टाँसी दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

२. **आवश्यक पद संख्या र भर्ना छनौट केन्द्रहरु:**

(क) **सैन्य पद:** विज्ञापन नं.०८१/८२/०२

| सि.नं. | भर्ना केन्द्र | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तती | खुल्ला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आदिवासी/ जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | |
| १ | श्री उपत्यका पृतना हे.क्वा., नारायणहिटी, काठमाण्डौं (०१-५९७९३७६, ९८६०११३६२२) | १६ | १५६ | २६ | ४१ | ३६ | १९ | ६ | ३०० |
| २ | श्री नं.२६ बाहिनी अड्डा, भकुण्डेवेशी, काभ्रे (०११-४०४०८५, ९८६३०२९०५३) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| ३ | श्री पूर्वी पृतना हे.क्वा., ईटहरी, सुनसरी (०२५-५८४९३३, ०२५-५८७०२८) | ७ | ७८ | १३ | २१ | १८ | १० | ३ | १५० |
| ४ | श्री दुर्गादल गुल्म, तोक्मेडाँडा, ताप्लेजुङ्ग (०२४-४६०२५५, ९७६१८१९०९४) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| ५ | श्री नं. २१ बाहिनी अड्डा, तोपगाछी, झापा (०२३-४७५२१८, ९८६३७८००५४) | ४ | ३९ | ६ | १० | ९ | ५ | २ | ७५ |
| ६ | श्री दुर्गाबक्स गण, ओखलढुङ्गा (०३७-५९०२००, ०३७-५२०५७६) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| ७ | श्री मध्य पूर्वी पृतना हे.क्वा., बर्दिवास, महोत्तरी (०४४-५९००८१, ९८५४०२०७७२) | ५ | ५२ | ९ | १३ | १२ | ७ | २ | १०० |
| ८ | श्री बरख गण, भलुवाही, सप्तरी (०३१-५३०७३१, ९७४४३६९१२५) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| ९ | श्री गरुडदल गण, चरिकोट, दोलखा (०४९-४२१४९०, ९८०१३८०७३५) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| १० | श्री ज्वालादल गण, ब्रहम्पुरी, बारा (०५३-५५१५३६, ९८६३०२९१८४) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| ११ | श्री मध्य पृतना हे.क्वा., हेटौडा, मकवानपुर (९८६३०२८८८४, ०५७-४१९०१५) | ४ | ३९ | ७ | १० | ९ | ५ | १ | ७५ |
| १२ | श्री नयाँ सबुज गण, भरतपुर, चितवन (०५६-४९३६७७, ९८६३०२९१८५) | ४ | ३९ | ६ | १० | ९ | ५ | २ | ७५ |
| १३ | श्री शेर गण, श्रीडाँडा, नुवाकोट (०१०-५६०५९९, ९८६३०२९१२७) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| १४ | श्री पश्चिम पृतना हे.क्वा., विजयपुर, कास्की (०६१-४११६७५, ०६१-४११३११) | ९ | ९१ | १५ | २४ | २१ | ११ | ४ | १७५ |
| १५ | श्री नं. २३ बाहिनी अड्डा, शेराडिल, बाग्लुङ्ग (०६८-५२११९४, ९८६३०२९१७१) | ४ | ३९ | ६ | ११ | ९ | ४ | २ | ७५ |
| १६ | श्री मध्य पश्चिम पृतना हे.क्वा., योगिकुटी, बुटवल (०७१-४१९२१०, ०७१-४१९२०९) | १० | १०५ | १७ | २७ | २४ | १३ | ४ | २०० |
| १७ | श्री नं. १९ बाहिनी अड्डा, तुल्सीपुर, दाङ्ग (०८२-५२०००१, ९७४९७७८२५७) | ४ | ३९ | ७ | १० | ९ | ५ | १ | ७५ |
| १८ | श्री उत्तर पश्चिम पृतना हे.क्वा., निमारे, सुर्खेत (०८३-४१४०४५, ०८३-४१४०२३) | १२ | १३१ | २२ | ३४ | ३० | १६ | ५ | २५० |
| १९ | श्री नं.४ बाहिनी अड्डा, नेपालगंज, बांके (०८१-५६५२९७, ९८५८०८३२२१) | ७ | ७८ | १३ | २० | १८ | १० | ४ | १५० |
| २० | श्री नं.२४ बाहिनी अड्डा, देवलडाँडा, जुम्ला (०८७-५२०४७४, ०८७-५२०१९४) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| २१ | श्री हनुमानध्वज गुल्म, गमगढी, मुगु (९७६५३६६७४५) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| २२ | श्री सुदूर पश्चिम पृतना हे.क्वा., तेघरी, कैलाली (०९१-५५०७४२, ०९१-५५०७५७) | ८ | ७९ | १३ | २० | १८ | ९ | ३ | १५० |
| २३ | श्री नं. ५ बाहिनी अड्डा, राजपुर, डोटी (०९४-४४०४३०, ०९४-४४०४२४) | ४ | ३९ | ७ | १० | ९ | ५ | १ | ७५ |
| २४ | श्री नं.२५ बाहिनी अड्डा, भगतपुर, कञ्चनपुर (०९९-५२४७०२, ०९९-५२५४४४) | ६ | ६५ | ११ | १७ | १५ | ८ | ३ | १२५ |

(ख) **विभिन्न ट्रेडका फलोअर्स पद:** विज्ञापन नं.(ब.का.सि.-०८१/८२/०३, सुचिकार-०८१/८२/०४, सफाईकर्मी-०८१/८२/०५, चर्मकर्मी-०८१/८२/०६, लोहाकार-०८१/८२/०७, केशकर्तक-०८१/८२/०८, सयस-०८१/८२/०९)

| सि. नं. | भर्ना केन्द्र | पद | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तती | खुल्ला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आदिवासी/ जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | |
| १. | श्री उपत्यका पृतना हे.क्वा., नारायणहिटी, काठमाण्डौं (०१-५९७९३७६, ९८६०११३६२२) | ब.का.सि. | १ | ११ | २ | २ | २ | २ | - | २० |
| | | सुचिकार | - | २ | - | - | १ | १ | - | ४ |
| | | सफाईकर्मी | १ | ५ | २ | १ | १ | - | - | १० |
| | | केशकर्तक | - | ३ | १ | १ | १ | - | - | ६ |
| | | सयस | - | २ | १ | १ | १ | - | - | ५ |
| २. | श्री पूर्वी पृतना हे.क्वा., ईटहरी, सुनसरी (०२५-५८४९३३, ०२५-५८७०२८) | सुचिकार | - | १ | - | १ | १ | - | - | ३ |
| | | सफाईकर्मी | - | ६ | - | १ | १ | १ | १ | १० |
| | | चर्मकर्मी | - | २ | - | १ | १ | - | - | ४ |
| | | लोहाकार | - | २ | - | १ | - | - | - | ३ |
| ३. | श्री मध्य पूर्वी पृतना हे.क्वा. बर्दिवास, महोत्तरी (०४४-५९००८१, ९८५४०२०७७२) | ब.का.सि. | - | ५ | १ | २ | १ | १ | - | १० |
| | | लोहाकार | १ | २ | - | - | - | १ | - | ४ |
| | | केशकर्तक | - | ३ | १ | १ | १ | - | - | ६ |
| ४. | श्री पश्चिम पृतना हे.क्वा., विजयपुर, कास्की (०६१-४११६७५, ०६१-४११३११) | ब.का.सि. | - | ५ | १ | २ | १ | १ | - | १० |
| | | सफाईकर्मी | १ | २ | १ | १ | - | - | - | ५ |
| | | चर्मकर्मी | १ | २ | - | - | - | - | - | ३ |
| ५. | श्री उत्तर पश्चिम पृतना हे.क्वा., निमारे, सुर्खेत (०८३-४१४०४५, ०८३-४१४०२३) | ब.का.सि. | १ | ५ | १ | १ | १ | १ | - | १० |
| | | सुचिकार | १ | १ | - | १ | - | - | - | ३ |
| | | चर्मकर्मी | - | २ | - | १ | - | - | - | ३ |
| | | लोहाकार | १ | १ | - | १ | - | - | - | ३ |
| | | केशकर्तक | - | १ | - | १ | १ | - | - | ३ |

३. **दरखास्त फाराम पेश गर्ने मिति र स्थान:**

(क) **दरखास्त पेश गर्ने मिति: मिति २०८१/०७/३० गतेदेखि मिति २०८१/०८/२९ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८१/०८/३० गतेदेखि** मिति २०८१/०९/०६ गतेसम्म कार्यालय समय भित्र दर्ता गर्न सकिनेछ ।

(ख) अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा दरखास्त फाराम सो भन्दा पछाडी कार्यालय खुल्ने दिनमा दर्ता गर्न सकिनेछ ।

(ग) **स्थान:** सम्वन्धित भर्ना छनौट केन्द्रहरु ।

४. **दरखास्त दस्तुर:** दरखास्त फाराम बुझाउंदा सैन्य पदको लागि रु. १५०।- (एक सय पचास रुपैयाँ मात्र) र विभिन्न ट्रेडका फलोअर्स पदको लागि रु. १००।- (एक सय रुपैयाँ मात्र) दस्तुर बुझाउनु पर्नेछ । तर एउटै विज्ञापन नं. मा एकभन्दा बढी समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि २०% का दरले थप दस्तुर लाग्नेछ । सम्बन्धित भर्ना केन्द्रहरुले तोकेको बैंक खाता नम्बर, कार्यालय कोड र राजश्व शीर्षक नम्बर- १४२२४ परीक्षा शुल्क खातामा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि प्रति- १/१ (एक/एक) दरखास्त फाराम साथ उक्त भर्ना केन्द्रमा पेश गर्नु पर्नेछ ।

५. **आवश्यक योग्यता:**

(क) **न्यूनतम शैक्षिक योग्यता:**

| सि.नं. | पद | शैक्षिक योग्यता |
|---|---|---|
| १. | सैन्य | (क) कक्षा ८ (आठ) उत्तीर्ण गरेको हुनुपर्नेछ । कक्षा ९ (नौं) र १० (दश) उत्तीर्ण हुनेहरुले पनि कक्षा ८ (आठ) उत्तीर्ण शैक्षिक योग्यताको प्रमाण-पत्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ र कक्षा ८ (आठ) उत्तीर्णको प्रमाण-पत्रमा न्यूनतम २ GPA अनिवार्य हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने ।<br>(ख) एस.एल.सी./एस.ई.ई. वा सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गर्नेहरुले पेश गरेको प्रमाण-पत्रहरु मध्ये माथिल्लो शैक्षिक योग्यताको प्रमाण-पत्रमा न्यूनतम २ GPA अनिवार्य हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने ।<br>(ग) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ बमोजिम जारी भएको प्रमाण-पत्रको हकमा कक्षा ८ र SEE को शैक्षिक योग्यताको हकमा न्यूनतम GPA-२ वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाण-पत्र प्राप्त गरेको हुनुपर्ने । कक्षा १२ को शैक्षिक योग्यताको हकमा GPA-१.६ वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाण-पत्र प्राप्त गरेको हॅनॅपर्ने । यस बमोजिम प्रमाण-पत्र पेश गर्ने उम्मेदवारहरुले एस.एल.सी./एस.ई.ई. सहित हासिल गरेको सबै शैक्षिक योग्यताको प्रमाण-पत्र को प्रतिलिपि बुझाउनु पर्नेछ । |
| २. | विभिन्न ट्रेडका फलोअर्स | साधारण लेखपढ गर्न सक्ने । |

(ख) **शारीरिक योग्यता:**

| सि.नं. | पद | पुरुष | महिला |
|---|---|---|---|
| १. | सैन्य | (क) उचाई: न्यूनतम ५ फिट ३ ईन्च<br>(ख) छाती: नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च<br>(ग) वजन: न्यूनतम ५० के.जि.(११० पौण्ड) | (क) उचाई: न्यूनतम ५ फिट<br>(ख) वजन: न्यूनतम ४० के.जी. (८८ पौण्ड) |
| २. | विभिन्न ट्रेडका फलोअर्स | (क) उचाई: न्यूनतम ५ फिट २ ईन्च<br>(ख) छाती: नफुलाउंदा न्यूनतम ३० ईन्च र फुलाउंदा न्यूनतम ३२ ईन्च<br>(ग) वजन: न्यूनतम ५० के.जी.(११० पौण्ड) | (क) उचाई: न्यूनतम ४ फिट १० ईन्च<br>(ख) वजन: न्यूनतम ४० के.जी. (८८ पौण्ड) |
| ३. | चस्मा प्रयोग गर्ने भएमा आंखा ± २ भन्दा बढी कमजोर नभएको हुनु पर्ने । | | |

(ग) **अन्य योग्यता:** उल्लिखित पदका उम्मेदवारहरु स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनु पर्नेछ । अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** मा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

६. **उमेरको हद:** उम्मेदवारहरु दरखास्त पेश गर्ने अन्तिम मिति २०८१/०८/२९ गतेसम्म उमेर निम्न अनुसार हुनु पर्नेछ ।

| सि.नं. | पद | पुरुष/महिला |
|---|---|---|
| १. | सैन्य | १८ वर्ष पूरा भई २२ वर्ष ननाघेको र नेपाली सेनाको बहालवाला उम्मेदवारहरुको हकमा २६ वर्ष ननाघेको हुनु पर्नेछ । |
| २. | विभिन्न ट्रेडका फलोअर्स | १८ बर्ष पुरा भई २६ बर्ष ननाघेको हुनु पर्नेछ । |

७. **नेपाली सेनाका बहालवाला उम्मेदवारहरुको लागि:**

(क) दरखास्त पेश गर्ने अन्तिम मिति २०८१/०८/२९ गतेका दिन न्यूनतम सेवा अवधि १ बर्ष पूरा भएको हुनुपर्नेछ ।

(ख) युनिटपतिको सिफारिस पेश गर्नुपर्नेछ ।

८. **दरखास्त साथ समावेश गर्नुपर्ने आवश्यक कागजातहरु:** देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि उम्मेदवारहरु स्वयम्ले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नुपर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाण-पत्रहरु मान्यता हुनेछैन । दरखास्त दिन आउंदा पेश गरिने सबै कागजातहरुको सक्कल प्रति साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्र ।

(ख) सबै शैक्षिक तहहरुको योग्यताको प्रमाण-पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण-पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र ।

(ग) नेपालका विश्वविद्यालयहरु बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयबाट उपाधी हासिल गर्नेहरुको हकमा त्रि.वि.वि.बाट समकक्षता निर्धारण गरे को प्रमाण-पत्र पेश गर्नुपर्नेछ ।

(घ) शैक्षिक योग्यता बाहेक आफूले प्राप्त गरेको अन्य प्रमाण-पत्रहरु (अतिरिक्त क्रियाकलाप) र विविध विषय सम्बन्धी प्रमाण-पत्रहरु भएमा ।

(ङ) सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततीहरूको हकमा निम्न थप कागजातहरू सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(१) श्री समारोह संचालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने वा निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती वा अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक) ।

(२) वहालवालाको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** को नियम १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक) ।

(३) सम्बन्धित उम्मेदवारसंगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक) ।

९. **फोटोग्राफ:** उम्मेदवारहरुले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) प्रति- ४ (चार) र २X२ साईजको फोटो प्रति- १ (एक) दरखास्त साथ पेश गर्नुपर्नेछ ।

१०. **परीक्षाको लागि सम्पर्क मिति र स्थान:** मिति २०८१/०९/१४ गतेको ११०० बजे दरखास्त पेश गरेको सम्वन्धित भर्ना केन्द्रमा ।

११. **छनौट प्रक्रिया:** देहाय बमोजिमका छनौट प्रक्रिया संचालन हुनेछ ।

(क) **सैन्य पद:** छनौट परीक्षा अन्तरगत वियरिङ्ग तथा प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक परीक्षा, लिखित परीक्षा, स्वास्थ्य परीक्षण र अन्तरवार्ता हुनेछ ।

(ख) **विभिन्न ट्रेडका फलोअर्स पद:** उम्मेदवारहरुको छनौट परीक्षा अर्न्तगत वियरिङ्ग तथा प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक परीक्षा, प्रयोगात्मक परीक्षा (ब.का.सि. पदको बाहेक), स्वास्थ्य परीक्षण र अन्तर्वार्ता हुनेछ ।

(ग) सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स पदहरुको वियरिङ्ग तथा शारीरिक परीक्षाको मापदण्ड वेबसाईटको बिज्ञापनमा राखिएको छ ।

(घ) उम्मेदवारहरुको छनौट परीक्षा सम्बन्धित भर्ना केन्द्रहरुमा संचालन हुनेछ ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरु:** नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार हुनेछ ।

१३. **अन्य शर्तहरु:**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति पेश गर्नुपर्नेछ ।

(ख) समावेशी तर्फका उम्मेदवारहरुको हकमा आदिवासी/जनजाति, मधेशी र दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिष्पर्धा गर्न सक्नेछन् । तर महिलाको हकमा यो व्यवस्था लागु हुनेछैन । साथै, पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरुले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिष्पर्धा गर्न सक्नेछन् ।

(ग) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका Combat Related Duties/Combat Support/Combat Service Support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराइनेछ ।

(घ) उम्मेदवारहरु (बहालवाला सैनिक व्यक्ति बाहेक) अविवाहित हुनुपर्नेछ र सैन्य पदको हकमा तालिम अवधिभर विवाह गर्न पाईने छैन ।

(ङ) एउटै विज्ञापन नं. र समान पदमा एक मात्र भर्ना केन्द्रबाट आवेदन दिन पाईनेछ ।

(च) अन्य शर्तहरु नेपाली सेनाको आधिकारिक वेबसाईट **www.nepalarmy.mil.np** मा गएर **JOIN NEPALI ARMY** भित्र **Recruitment & Selection** मा गई हेर्न सकिनेछ ।

१४. **अनलाईन दरखास्त फाराम भर्ने सम्वन्धमा जानकारी (सैन्य पदको लागि मात्र)**

(क) नेपाली सेनाको आधिकारिक वेबसाईट **www.nepalarmy.mil.np** मा गएर **JOIN NEPALI ARMY** भित्र **Recruitment & Selection** मा गई **"Apply Online"** मा **Click** गर्ने ।

(ख) अनलाईन दरखास्त फाराम भर्न निम्न अनुसारको विवरण आवश्यक पर्ने ।

(१) नेपाली नागरिकताको विवरण (२) व्यक्तिगत विवरण (३) शैक्षिक विवरण (४) पारिवारिक विवरण

(ग) अनलाईन दरखास्त फाराम भर्दा शुरुमा दरखास्तवालाको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा उम्मेदवारले तोकिएको न्यूनतम योग्यता हासिल गरेको अवस्थामा मात्र त्यस पछि भर्नुपर्ने फारामहरुमा प्रवेश पाउनेछन् । सो पश्चात उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण, पारिवारिक विवरण र शैक्षिक विवरण नेपाली युनिकोड कालीमाटी फण्टमा भरि सो को एकिन गर्ने । उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम, प्रवेश पत्र, राजश्व दस्तुरको भौचर **PDF Format** मा डाउनलोड गरि **Save** गर्ने र प्रिन्ट गर्ने ।

(घ) उक्त प्रिन्ट गरेको दरखास्त फाराममा उम्मेदवारले फोटो र हुलाक टिकट टांस गरी निवेदकको सहिछाप सहित आफूले छनौट गरेको भर्ना केन्द्रमा तोकिएको मिति भित्र पेश गर्नुपर्नेछ । कुनै पनि उम्मेदवारले अनलाईन माध्यमबाट पहिलो ३० दिनको अवधि भित्र दरखास्त फाराम **Submit** गरी सोही अवधिमा स्वयम् उपस्थित भई सो को प्रिन्ट सहितको फाराम बुझाउनु पर्नेछ । यदि कुनै उम्मेदवारले अनलाईनबाट मात्र निवेदन फाराम **Submit** गरेर सो को प्रिन्ट सहितको फाराम नबुझाएको अवस्थामा सो अनलाईनबाट मात्र **Submit** गरेको फारामलाई मान्यता दिईने छैन ।

(ङ) अनलाईन दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ ।

बाँकी पृष्ठ १० मा

# पहिरो नियन्त्रणमा छैन चासो

**प्रेमराज सिम्खडा**
*कालीकोट, कात्तिक २९ गते*

कालीकोट विपत्को उच्च जोखिममा छ। जिल्ला विपत् व्यवस्थापन समितिले प्रत्येक वर्ष सार्वजनिक गर्ने विपत् व्यवस्थापन कार्ययोजनामा जिल्लाका धेरैजसो क्षेत्र जोखिममा राखेको छ। कालीकोटमा सबैभन्दा बढी बाढीपहिरोको जोखिम छ।

जिल्ला प्रशासन कार्यालय कालीकोटले सार्वजनिक गर्ने विपत् प्रतिकार्य योजनामा पहिरोको उच्च जोखिम भएको भनिए पनि पहिरो नियन्त्रणका लागि कुनै प्रयास हुन सकेको छैन। २०७९ साल असोजमा वर्षाले जिल्लाको रास्कोट नगरपालिका–३ को साँगाटिया पूरै बस्ती पहिरोको चपेटामा पर्‍यो। वर्षाले गाउँ मात्र होइन वडाभरिको पूरै जमिन चिरा परेपछि यहाँ बसोबास गर्ने बासिन्दा अन्यत्र बासका लागि स्थानीय सरकारसँग आग्रह गरेका छन्। तत्कालीन अवस्थामा कुनै विद्यालय वा बलियो जमिन अनुमान गरिएको खुला चौरमा बास बसेका बासिन्दा पहिरो नियन्त्रणको योजना कुरेर बसेको दुई वर्ष बितिसकेको छ।

रास्कोट नगरपालिका–३, साँगाटियाका बले सार्कीले आफ्नो घर रहेको जमिन चार मिटर तल सर्दा पनि स्थानीय सरकारले सहयोग नगरेको गुनासो गर्नुभयो। प्रहरी प्रतिवेदनदेखि सबै कागजपत्रमा साँगाटिया गाउँ उच्च जोखिममा रहेको र यही प्रकृतिको वर्षा पुनः भएमा पूरै बस्ती बग्ने खतरा छ तर नगरपालिकाले पहिरोको उच्च जोखिममा रहेका घरपरिवारको लिस्टमा बले सार्कीको नाम नै समावेश गरेको छैन। उहाँले नगरपालिकादेखि जिल्ला प्रशासन कार्यालयले प्रभावितको सूचीमा आफ्नो नाम नभेटेको गुनासो गर्नुभयो। मेगे दमाईंको घर पनि पहिरोको जोखिममा छ तर स्थानीय सरकारले न पीडित परिवारका घरको विकल्प दिन सकेको छ, न त पहिरो नियन्त्रणको कुनै प्रयास नै गरेको छ। स्थानीय देउमले सार्कीले पहिरो रोकथामका लागि प्रयास थाल्नुपर्ने भए पनि अहिलेसम्म कुनै कदम नचालेकोमा दुःखेसो व्यक्त गर्नुभयो। पहिरोको उच्च जोखिममा रहेको नरहरिनाथ गाउँपालिका, शुभकालिका गाउँपालिका, महावै गाउँपालिका, पचालझरना गाउँपालिका र खाँडाचक्र नगरपालिका सबै बेखबर छन्।

रास्कोट नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत जवानसिंह बमले पहिरो नियन्त्रणका लागि सामान्य प्रयास मात्रै भएको तर त्यो पर्याप्त नभएको बताउनुभयो।

# पौडी खेल्दा बेपत्ता

**तम्घास समाचारदाता**
*तम्घास, कात्तिक २९ गते*

कालीगण्डकी नदीमा पौडी खेल्न क्रममा एक जना बेपत्ता भएका छन्। जिल्लाको कालीगण्डकी गाउँपालिका–२, अर्वेनीका ४९ वर्षीय दीपेन्द्र न्यौपानेलाई पौडी खेल्ने क्रममा सेतीबेनीबाट कालीगण्डकी नदीले बगाएर बेपत्ता बनाएको वडाध्यक्ष रेशमराज न्यौपानेले जानकारी दिनुभयो। कात्तिक २७ गते साँझ पौडी खेलेर नदी पार गरिदिन्छु भन्दै नदीमा पसेको र नदीले बगाएर न्यौपाने बेपत्ता भएको स्थानीयले जनाएका छन्। न्यौपानेले मदिरा सेवन गरेर नदीमा पसेको हुन सक्ने अध्यक्ष न्यौपानेको भनाइ छ।

पृष्ठ ९ को बाँकी

१५. **विशेष सूचनाः** सम्मानित सर्वोच्च अदालतबाट नेपाली सेना, भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग, जङ्गी अड्डा, काठमाण्डौ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०३८२ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाएपछि कायम हुन आउने कुल पदहरु मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व.०७९/८० देखि समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानुन बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ।

१६. यस विज्ञापनको विस्तृत विवरण तथा छनौट परीक्षा सम्बन्धी सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल vacancy.nepalarmy.mil.np भित्र VACANCY & REQUIREMENTS मा र सैन्य पदको पाठ्यक्रम ARMY SYLLABUS मा हेर्न सकिनेछ। साथै, थप जानकारी लिनु परेको खण्डमा आफूलाई पायक पर्ने भर्ना छनौट केन्द्रहरुमा कार्यालय समय भित्र सम्पर्क गर्न समेत सूचित गरिन्छ।

# गुणस्तरीय शिक्षामा लगानी बढाउन आवश्यक




**वीरेन्द्रनगर समाचारदाता**
*सुर्खेत, कात्तिक २९ गते*

गुणस्तरीय शिक्षामा लगानी बढाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। 'सेभ द चिल्ड्रेन' को सहकार्यमा शिक्षा पत्रकार समूह कर्णाली प्रदेशले आयोजना गरेको शिक्षा नीतिमा बाल सवाल सरोकारवालाको जिम्मेवारी र जवाफदेहिता विषयक शिक्षा संवाद कार्यक्रममा गुणस्तरीय शिक्षामा लगानी बढाउनुपर्नेमा जोड दिएका हुन्।

अहिलेसम्म शिक्षाको क्षेत्रमा शैक्षिक गुणस्तरभन्दा पनि पूर्वाधार निर्माणमा लगानी बढिरहेको उनीहरूको भनाइ छ। कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले प्रदेश सरकारले कर्णालीको परिवेश अनुसार शिक्षा नीति बनाउँदै गरेको बताउनुभयो। उहाँले अझै पनि सबै अधिकार प्राप्त नहुँदा सोचे अनुरूप काम हुन नसकेको जनाउनुभयो। कक्षा १२ पछि नपढ्ने र विदेश जाने लहर चलेकाले चुनौती भएको भन्दै उहाँले भन्नुभयो, "कर्णालीमा प्राविधिक विषय पढाउने विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून छ। १२ पढेपछि विदेश जाने लहर छ। यसले पनि समस्यामा पारेको छ। हामीले कर्णाली बुझ्ने नीति बनाउँदैछौँ।" हतार गरेर शिक्षा नीति पास गर्नुभन्दा कर्णालीलाई समग्र समेट्ने गरी ल्याउनु पर्छ भन्नेमा उहाँले बताउनुभयो। वीरेन्द्रनगर नगरपालिकाका नगरप्रमुख मोहनमाया ढकालले संविधान अनुसार कानुन नबन्दा तिनै तहका सरकारले शिक्षामा चाहेजति गर्न नसकेको बताउनुभयो। शिक्षालाई संविधानमा तिनै तहको सरकारको साझा सूचीमा राखिएको भए पनि कानुनमा स्पष्ट नहुँदा नीतिगत रूपमा काम गर्न समस्या भएको उहाँको भनाइ छ। उहाँले शिक्षामा लगानी कम भएको र भएको लगानी पनि पूर्वाधारमा मात्रै भएको बताउनुभयो। उहाँले भन्नुभयो, "शिक्षामा कसलाई के लाग्छ त्यही हिसाबले काम गरिएको छ। शिक्षाका लागि स्रोतसाधन र लगानी कम छ। भएका लगानी पनि शैक्षिक गुणस्तरका लागि कम छ। उहाँले संविधानले दिएको अधिकार अनुसार शिक्षा नीति ल्याउनुपर्नेमा पनि जोड दिनुभयो।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घका कर्णाली प्रदेशका अध्यक्ष गोविन्द कोइरालाले तिनै तहका सरकारले गुणस्तरीय शिक्षाका लागि लगानी बढाउन आवश्यक रहेको बताउनुभयो। शिक्षाविद् डा. विष्णुकुमार खड्काले अहिले पनि बालबालिका विद्यालयको पहुँचबाहिर रहेको बताउनुभयो। उहाँले गुणस्तरीय शिक्षाका लागि सिकाइ उपलब्धिमा जोड दिनुपर्ने सुझाव दिनुभयो। साथै कर्णाली सुहाउँदो जनशक्ति उत्पादनका लागि ध्यान दिँदै सोही अनुसार नीति ल्याउनुपर्ने बताउनुभयो।

# सीमावर्ती बस्तीमा प्रहरी गस्ती सुरु

**कपिलवस्तु समाचारदाता**
*कपिलवस्तु, कात्तिक २९ गते*

इलाका प्रहरी कार्यालय कृष्णनगरले सीमा क्षेत्रमा लामो दुरी पैदल गस्ती (लङ रुट पेट्रोलिङ) को अभियान सुरु गरेको छ। सीमा क्षेत्रमा रहेका स्थानीयको समस्या बुझ्न र समुदाय र प्रहरीबिच समदुरी कायम गर्न लामो दुरीको पैदल गस्ती सञ्चालन गरिएको थियो। पैदल गस्तीले सीमावर्ती क्षेत्रबाट हुने चोरी तस्करी र अपराधजन्य गतिविधि रोकथाम तथा नियन्त्रणका लागि प्रभावकारी हुने जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रमुख प्रहरी उपरीक्षक निरञ्जनदत्त भट्टले बताउनुभयो।

कृष्णनगर नगरपालिकाको बेदर्मीदेखि सुरु गरिएको गस्ती २५ किलोमिटर यात्रा गरी बगही सीमा पुगेर अन्त्य भएको थियो। प्रहरी नायब निरीक्षक रामबहादुर मगरको कमान्डमा खटिएको ११ जना प्रहरीको गस्ती टोलीले जनप्रतिनिधि, स्थानीयसँग सुरक्षासम्बन्धी छलफल र आधारभूत सुरक्षाको विषमा समुदायलाई जानकारीसमेत गराएको इलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक सुरज खत्रीले बताउनुभयो।

प्रहरीको प्रत्यक्ष उपस्थिति नभएको स्थानमा लामो दुरीको ग्रामीण गस्ती टोली पुगेपछि स्थानीयले खुसी व्यक्त गरेको प्रहरीले जनाएको छ। कृष्णनगर प्रहरीले महिनामा दुई पटक लामो दुरीमा पैदल गस्ती गर्ने लक्ष्य राखेको छ। पहिलो पटक गरिएको पैदल गस्तीबाट सीमा क्षेत्रमा हुने अपराध र विभिन्न घटनाको सूचना प्रहरीलाई दिने स्थानीयले प्रतिबद्धता गरेको प्रहरी नायब निरीक्षक मगरले बताउनुभयो।

**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**बागमती प्रदेश डिभिजन कार्यालय, हेटौंडा**

**विद्युत मिटर नामसारीको सूचना**

**(सूचना प्रकाशित मिति २०८१।०७।३०)**

यस प्रदेश डिभिजन कार्यालय अन्तर्गत रहेका हेटौंडा वितरण केन्द्र, भरतपुर वितरण केन्द्र, चनौली वितरण केन्द्र, सिन्धुली वितरण केन्द्र र रत्ननगर टाँडी वितरण केन्द्रबाट मिति २०८१।०७।२९ गतेसम्म प्राप्त ग्राहकहरूको विद्युत मिटर (लगत) नामसारी सम्बन्धी सूचना यस बागमती प्रदेश, प्रदेश डिभिजन कार्यालय हेटौंडाको website:http://www.nea.org.np/regional/3 मा तथा फेसबुक पेज प्रदेश डिभिजन कार्यालय, हेटौंडामा समेत मिति २०८१।०७।३० गते प्रकाशित गरिएको छ। उक्त सूचना बमोजिमका ग्राहकहरूको विद्युत मिटर नामसारी नहुनु पर्ने कुनै कारण भए वा कसैको हकदावी लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित वितरण केन्द्रहरूमा प्रमाण सहित लिखित उजुरी गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**

**Rate of Interest**

**Effective From 1st Mangsir 2081**

**Interest Rate on Deposits**

| S.N. | Types of Deposit | Rate (%) Per Annum* | Minimum Balance |
|---|---|---|---|
| 1 | Saving Deposit | | NPR |
| 1.1 | Normal Saving | **3.01** | 500 |
| 1.2 | NBL Diamond Saving | **3.51** | 500 |
| 1.3 | Women Special Saving | **3.51** | 500 |
| 1.4 | Yuva Bachat Khata | **3.51** | 0 |
| 1.5 | Santati Saving | **3.51** | 0 |
| 1.6 | NBLStaff Pension Saving | **4.01** | 0 |
| 1.7 | Remittance Saving | **6.01** | 0 |
| 1.8 | NBL Remittance IPO saving | **6.01** | 0 |
| 1.9 | Investor's Saving | **3.51** | 0 |
| 1.10 | Senior Citizens Special Saving | **3.51** | 500 |
| 1.11 | Professional's Saving | **3.51** | 500 |
| 1.12 | Social Security Saving | **3.51 or Negotiable** | 0 |
| 1.13 | Pension Payment Saving | **4.01** | 0 |
| 1.14 | NBL Special Saving | **4.01** | 1,000 |
| 1.15 | Earthquake Relief Saving | **4.01** | 0 |
| 1.16 | TU Pension Saving | **4.01** | 0 |
| 1.17 | NBL Staff Salary Saving | **5.01** | 0 |
| 1.18 | Staff Salary Saving | **5.01** | 0 |
| 1.19 | Nari Samman Bachat Khata | **4.01** | 10,000 |
| 1.20 | Sambandha Bachat Khata | **4.01** | 0 |
| 1.21 | Nagarik Bachat Khata | **4.01** | 1,000 |
| 1.22 | Sambriddha Nepal Abhiyan Bachat Khata | **4.01** | 0 |
| 1.23 | Green Saving Account | **4.01** | 1,000 |
| 1.24 | Chhori (Beti) Kalyan Bachat Khata | **4.01** | 5000 |
| 1.25 | Chhori Surakshya Bachat Khata | **4.01** | 0 |
| 1.26 | Balbalika Bachat Khata | **4.01** | 0 |
| 1.27 | NBL Shubha Gyan Bachat Khata | **3.01** | 0 |
| 1.28 | NBL Sahayatri Bachat Khata | **3.01** | 500 |
| 1.29 | NBL Pioneer Saving Deposit Account | **5.01** | 10,000 |
| 1.30 | NBL Ex- Staff Saving Account | **5.01** | 0 |
| 2 | Fixed Deposit | | |
| 2.1 | 3 Months to above 5 Years (Individual)<br>6 Months upto 5 Years (Institutional | | |
| 2.1.1 | Individual Fixed Deposit Upto 2 Years | **4.55** | 25,000 |
| 2.1.2 | Individual Fixed Deposit Above 2 Years - Upto 5 Years | **5.25** | 25,000 |
| 2.1.3 | Individual Fixed Deposit (Above 5 year) | **5.95** | 25,000 |
| 2.1.4 | Institutional Fixed Deposit Upto 2 Years | **3.11** | 25,000 |
| 2.1.5 | Institutional Fixed Deposit Above 2 Years | **4.95** | 25,000 |
| 2.2 | Remittance Fixed Deposit | **6.95** | 5,000 |
| 3 | Recurring Deposit | **4.55** | 1,000 |
| 4 | Samridhha Nari Recurring Deposit | **4.55** | 25,000 |
| 5 | Employee Welfare Account | **4.01** | |
| 6 | Akchhaya Kosh | **3.30 or Negotiable** | 25000 |
| 7 | NBL Trust Fund | **3.11** | 0 |
| 8 | Normal Call Deposit | **1.505** | 100,000 |
| 9 | FCY Saving Deposit | | |
| 9.1 | USD | 3.00 | USD100 |
| 9.2 | EURO | 1.00 | EURO100 |
| 9.3 | GBP | 1.50 | GBP100 |
| 9.4 | JPY | 0.50 | JPY 100 |
| 10 | NRN Saving Deposit | | |
| 10.1 | USD | 3.00 | USD 1,000 |
| 10.3 | GBP | 1.50 | GBP 900 |
| 10.3 | AUD | 2.00 | AUD 1600 |
| 11 | FCY Fixed Deposit (upto 5 Years) | | |
| 11.1 | USD | 3.50 | USD500 |
| 12 | NRN Fixed Deposit (upto 5 Years) | | |
| 12.1 | USD | 3.50 | USD 1,000 |
| 12.2 | GBP | 3.50 | GBP 900 |
| 12.3 | AUD | 4.00 | AUD 1600 |
| 13 | FCY Call Deposit | | |
| 13.1 | USD | 1.50 | USD100 |

* Payable quarterly

**Interest Rate on Loans and Advances**

| S.N. | Types of Loans and Advances | Premium Rate (%) per annum over Base Rate (BR) |
|---|---|---|
| 1 | Export Finance | |
| 1.1 | Pre/Post shipment (NPR) | Upto 2.00 |
| 1.2 | Pre/Post shipment (USD) | SOFR+ Upto 1.75 |
| 1.3 | Loan Against Bills Collection | Upto 2.00 |
| 2 | Import Finance | |
| 2.1 | Trust Receipt (NPR) | Upto 2.00 |
| 2.2 | Trust Receipt (NPR)- For Trading | Upto 2.25 |
| 2.3 | Trust Receipt (USD) | SOFR+ Upto 3.00 |
| 3 | Business Term Loans | |
| 3.1 | Industrial | Upto 3.25 |
| 3.2 | Commercial - For Trading | Upto 3.25 |
| 3.3 | Real Estate-Housing Plan | Upto 2.75 |
| 3.4 | Real Estate-Comercial Complex | Upto 2.75 |
| 3.5 | Hire Purchase loan | Upto 3.00 |
| 4 | Working Capital Loans | |
| | (Hypothecation/Overdraft/Pledge/Demand/RWC/Contract Loan) | |
| 4.1 | Industrial Working Capital | Upto 2.50 |
| 4.2 | Commercial Working Capital - For Trading | Upto 2.50 |
| 4.3 | NBL Permanent WC | Upto 2.50 |
| 5 | Special SME Loans | |
| 5.1 | Mortgage loan | Upto 4.50 |
| 5.2 | Sajilo Byabasaya Karja | Upto 3.50 |
| 5.3 | Sambriddha Byabasaya Karja | |
| 5.3.1 | Sambriddha Byabasaya Term | Upto 3.25 |
| 5.3.2 | Sambriddha Byabasaya Working Capital | Upto 3.00 |
| 5.4 | Laghu Udhyam karja | Upto 3.50 |
| 5.5 | Anniversary Business Loan | Upto 3.50 |
| 5.6 | 85th Anniversary Business Loan | Upto 3.00 |
| 6 | Deprived Sector loan | |
| 6.1 | Individual | Upto 2.00 |
| 6.2 | Institutional (Wholesale)- Revolving | Upto 2.00 |
| 6.3 | Institutional (Wholesale)- Term loan | Upto 2.00 |
| 6.4 | Institutional (Retail)- Revolving | Upto 2.00 |
| 6.5 | Institutional (Retail) -Term Loan | Upto 2.00 |
| 7 | Agriculture Loan | Upto 2.00 |
| 8 | Other Loans | |
| 8.1 | Gold and Silver loan | Upto 4.00 |
| 8.2 | Loan against first class bank guarantee | Upto 3.00 |
| 8.3 | Loan against FD receipt | Coupon Rate + Upto 2.00 |
| 8.4 | Loan against Government Securities | Coupon Rate + Upto 2.00 or 1 year fixed deposit, whichever is higher |
| 8.5 | Sahuliyatpurna Karja | Upto 2.00 |
| 8.6 | Entrepreneurship Term Loan-Lumbini | As per MOU |
| 8.7 | NBL Com. Agri. & Livestock TL- Karnali | Upto 2.00 |
| 8.8 | NBL Com. Agri. & Livestock WC- Karnali | Upto 2.00 |
| 8.9 | NBL Byebasaye Ji. Rakchya TL- Gandaki | Upto 3.00 |
| 9 | Retail loans | |
| 9.1 | Auto Loan | |
| 9.1.1 | Private Vehicle 5 years term | Upto 2.50 |
| 9.1.2 | Private Vehicle 7 years term | Upto 2.50 |
| 9.1.3 | Private vehicle business use 5 years term | Upto 2.50 |
| 9.1.4 | Commercial vehicle 3-5 years term | Upto 2.50 |
| 9.1.5 | Auto loan (Nepalaxmi) | Upto 3.50 |
| 9.1.6 | Professional Auto Loan | Upto 2.50 |
| 9.1.7 | Auto Loan (Electrical Vehicle) | Upto 2.50 |
| 9.2 | Home Loan | |
| 9.2.1 | 5 years term | Upto 2.42 |
| 9.2.2 | 10 years term | Upto 2.42 |
| 9.2.3 | Above 10 years term | Upto 2.42 |
| 9.2.4 | Professional Home Loan | Upto 2.42 |
| 9.2.5 | Nepalaxmi Home Loan | Upto 2.42 |
| 9.3 | Shulav Aawas Karja | |
| 9.3.1 | 10 years term | Upto 2.00 |
| 9.3.2 | Above 10 years term | Upto 2.42 |
| 9.4 | NBL Sarbasulav Awash karja | |
| 9.4.1 | Up to 5 years | Upto 0.42 |
| 9.4.2 | Above 5 up to 10 years | Upto 0.50 |
| 9.4.3 | Above 10 to 25 years | Upto 1.50 |
| 9.5 | Personal Term Loan | |
| 9.5.1 | Upto 10 years term | Upto 3.50 |
| 9.5.3 | Above 10 years term | Upto 4.00 |
| 9.6 | Personal Overdraft | |
| 9.6.1 | POD-Professional | Upto 3.00 |
| 9.6.2 | POD-Others | Upto 3.50 |
| 9.7 | NBL Professional Loan | |
| 9.7.1 | Overdraft | Upto 3.00 |
| 9.7.2 | Term Loan | Upto 3.50 |
| 9.8 | Education Loan | |
| 9.8.1 | 5 years term | Upto 3.00 |
| 9.8.2 | 10 years term | Upto 3.50 |
| 9.9 | Margin Lending | Upto 3.50 |
| 9.10 | NBL Flexi Loan | |
| 9.10.1 | Flexi Term Loan | Upto 3.50 |
| 9.10.2 | Flexi Overdraft | Upto 3.50 |
| 9.11 | Sewagrahi Karja | upto 4.00 |
| 9.12 | Ghaderi Karja | Upto 3.75 |
| 9.13 | NBL Pensioner Loan | Upto 4.00 |

**Retail Term Loans (Fixed Rate)**

| S.N. | Tenure | Rate (%) per annum |
|---|---|---|
| 1 | Home Loan | Upto 14.25 |
| 2 | Auto Loan | Upto 13.50 |
| 3 | Personal Term Loan | Upto 14.50 |
| 5 | Education Loan | Upto 12.25 |
| 6 | Sewagrahai Karja | Upto 13.50 |
| 7 | Ghaderi Karja | Upto 13.50 |

**Business Term Loans (Fixed Rate)**

| S.N. | Tenure | Rate (%) per annum |
|---|---|---|
| 1 | Upto 10 Years | Upto 13.50 |
| 2 | Above 10 Years | Upto 14.00 |

**Average Base Rate (BR) of last three consective months Ending Ashoj 2081 : 6.86%**
**Spread Rate as of Ashoj end 2081 : 3.94**

1) Floating Lending rates shall be changed with the changes in Base Rate on quarterly basis.
2) Rate on Consortium financing shall be as decided by consortium meetings.
3) Penal interest @+ 2% p.a. shall be applied on overdue amount/expired loan (In compliance with NRB Directive)
4) Risk premium upto+ 2% p.a. can be charged for watch-list clients.
5) Interest rate on Temporary Loan shall be 0.5% point higher than the published rate of respective product.
6) Interest rate on loans upto Rs.2 crore limit prescribed in NRB I.Pra direction no. 2/080 point no. 39 (2) (only on new lending and renewal) shall be BR+2%.

**Note:** while determining the interest rate on loans and advances, the recent amendment of NRB directive no 15/080, point no 3(7) shall be duly complied.